# सरकारको लापरवाहीले रम्फूवासीले दुख पाउँदैछन्-भाजपा



**रम्फू, १२ मार्च:** रम्फू नगर पञ्चायतको लापरवाही, क्षेत्र विधायकको मौनता र सरकारको देखावटी विकासको नाराको कारण रम्फू नगर पञ्चायत क्षेत्रका नागरिकहरूले यसरी बारम्बार दु:ख भोग्न बाध्य भएको भारतीय जनता पार्टी सिक्किम राज्य एकाईले आरोप लगाएको छ। आज भारी पानी झरी बीच भाजपा सिक्किम राज्य प्रवक्त जेबी दर्नाल, रम्फू नगर प्रभारी मदन कार्की सहित अन्य सदस्यहरूले प्रभावित घर र क्षेत्रको निरीक्षण गर्दै यी सबै विषयहरूमाथ गहन चिन्तन मनन गरेर आवाज उठाउने र जरूरत परे सड़कमा ओर्लिने चेताउनी दिएका छन्।

नगर पञ्चायतहरू केवल आफ्नो मौज मस्ती गर्नमा व्यस्त रहनको साथ आम नागरिकको समस्या र दु:खेसो बुझ्ने प्रयास नगर्नु प्रजातन्त्रिक परिवेशको निम्ति एक दुर्भाग्यजनक विषय रहेको आरोप लगाएका छन्। चुनाउका समय मतदाताहरूलाई सबै समस्याहरू समाधान गर्ने वाचा बन्धन गरे तापनि चुनाउ सकेपछि आफ्नै कार्यालय र घर भित्र सिमित रहेको आरोप पनि लगाए। क्षेत्र विधायक गोपाल बराईलीमाथि केवल आफ्नो परिवार चौ काम गरेको आरोप लगाउँदै गत पञ्चायत चुनाउमा परिवारलाई नै पञ्चायत बनाउने प्रयास गर्दा जनताले आफैं नै जवाफ दिएको र हारको सामना गर्नु परेको भनी बताएका छन्। ठूला ठूला घोषणाको निम्ति प्रख्यात रहेका मुख्यमन्त्री पवन चामलिङले रम्फूवासीलाई बुनियादी सुविधादेखि वञ्चित राखेको भनी दर्नालले बताए जसको नतिजा आज सबै घरहरूमा पानी पसेर व्यापक त्राही त्राही मच्चाएको बताए। जल निकासीको उचित व्यवस्था नहुनु, नाली राम्रो नहुनु नै आजको दुर्घटनाको मुख्य कारण रहेको बताउँदै आम नागरिक समाजबाट धेरैपल्ट जानकारी गराए पनि हालमससम्म कुनै प्रकारको कदम नउठाएको बताए।

# एसडीएफले अनौठो राजनैतिक संस्कारको विकास गरिरहेको छ-कंग्रेस

**गान्तोक, १२ मार्च:** गत २०१४-को आम चुनाउ अघि चुनावी राजनैतिक भिड़न्तमा मारिएका युवा स्व. अरूण राईको प्रतिमा (सालिग)-निर्माण तथा स्थापना गरिएको अनावश्यक कार्यले सिक्किममा एक अनौठो राजनैतिक संस्कारको विकास भएको सिक्किम प्रदेश कंग्रेसले ठहर गरेको छ। यस प्रकारको सस्तो राजनैतिक परम्पराले सिक्किमको इतिहासमाथि खेलवाड़ भएको तथा भेदभाव भएको कंग्रेसले महसुस गरेको छ। सिक्किमको प्रत्येक आम चुनाउमा भएको राजनैतिक भिड़न्तमा एक दुईजना युवा तथा मतदाताले ज्यान गुमाएका छन् स्व. नन्दलाल शिवाकोटी (शर्मा), स्व. तारामान छेत्री, स्व. पेम्बा लेप्चा, स्व. धनमाया दर्नाल, स्व. सोनाम भोटिया, स्व. महेश सुब्बा, स्व. सीबी चौहान र स्व. एनके गुरूङ आदिलाई मारिएको कंग्रेसले बताएको छ। आजसम्म तिनीहरूका सालिग निर्माण साथै स्थापना नहुनु अनि आज आएर स्व. अरूण राईको सालिग स्थापना कार्यले जातवादी षड़यन्त्र भएको औ देश र राज्यको हितमा कुनै ऐतिहासिक कार्य नभई आफ्नो पार्टीको चुनावी अभियानमा मारिएका व्यक्तिलाई शहिदको दर्जा दिएर प्रतिमा खड़ा गर्नु सिक्किमको इतिहासलाई कलंकित पार्नु हो। सत्ताधारी एसडीएफ पार्टीले विकासको नाममा मूर्ति खड़ा गर्नु औ मृत व्यक्तिको नाममा सड़कको नाम अनावरण गरेर जनताको भावनामाथि खेलवाड़ गर्नु सिक्किम र सिक्किमे जनताको निम्ति दुर्भाग्यको कुरा हो भनी प्रदेश कंग्रेस महासचिव पुण्य कोइरालाद्वारा जारी विज्ञप्तिमा जनाइएको छ।

# दुर्घटनामा प्राथमिक उपचारको सहायताबारे प्रशिक्षण

**गान्तोक, १२ मार्च:** सड़क दुर्घटना मृत्युको एउटा ठूलो कारक तत्व हो अनि यदि सवर्णिम कालमा प्रभावशाली फस्ट एड् तथा स्वास्थ्य सहायता पुऱ्याउन सकिए सड़क दुर्घटनाका पीड़ितको बाँच्ने उपाय धेरै रहन्छ तथा घाइतेहरूको कठिनतालाई कम गर्न सकिन्छ। यसैले, स्वास्थ्य सुरक्षा, मानव सेवा एवं परिवार कल्याण विभागको ट्रौमा क्येर डिभिजनले परिवहन विभागको सड़क सुरक्षा प्रकोष्ठसितको सहयोगमा १९ फरवरीदेखि ८ मार्चसम्म राज्यका सबै अस्पतालका डाक्टर तथा पारामेडिक्सहरू साथै बस चालक अनि कन्डक्टर सहित परिवहन विभागका कर्मचारीहरूलाई फस्ट एड्माथि तालिम तथा स्वास्थ्य सहायता उपलब्ध गराएको छ। यसैगरी ठूला मोटर वाहनका चालकहरू तथा राष्ट्रिय राजमार्ग छेउछाउमा रहने स्वयंसेवकहरूलाई पनि फस्ट एड् तालिम प्रदान गरेको छ। उक्त तालिम विभिन्न मितिमा विभिन्न ब्याज गरी एसटीएनएम अस्पताल तथा यातायात भवन गान्तोक अनि सिङताम, गेजिङ, मंगन र नाम्ची जिल्ला अस्पतालमा सञ्चालन गरियो। निर्धारित मिति अनुसार १९ फरवरीका दिन एसटीएनएम अस्पताल, २२ अनि २३ फरवरीका दिन जिल्ला अस्पताल गेजिङ, २६ फरवरीका दिन यातायात भवन गान्तोक, २८ फरवरीमा जिल्ला अस्पताल मंगन, ३ मार्चमा जिल्ला अस्पताल सिङताम अनि ८ मार्चका दिन जिल्ला अस्पताल नाम्चीमा सो तालिम प्रदान गरियो। तालिममा एसटीएनएम अस्पतालका अर्थोपेडिक्स अनि सर्जिकल विशेषज्ञहरू स्रोत वक्त रहेका थिए। प्रशिक्षाणार्थीहरूलाई प्रथम उत्तरदाता, प्रभावशाली फस्ट एड्, घाइतेहरूको गम्भीरताको पहिचान तथा कार्डियो पुल्मोनेरी रिस्कुसिटिशनको सही तरिका, पट्टीको प्रयोग, घायल व्यक्ति हातमा लिँदा गर्नु हुने र नहुने कामबारे जानकारी गराइयो। सड़क जाम दुर्घटनाको अवस्थामा कठिन समयमा सहयोग गर्ने व्यक्तिहरूको सुरक्षाका लागि मार्गनिर्देशनबारे सूचना सञ्चारणबारे जनाइयो जसद्वारा सड़क दुर्घटनाका पीड़ितको सहायताका लागि अघि आउन स्वयंसेवकहरू अझ धेरै अग्रसर हुन सकुन् भनी जनाइयो।


JAI BABA KEE
SCHOOL UNIFORM
Best Wishes Happy New Year 2018 to North Bengal & Sikkim ease People
Happy New Year
SHREE SHANKAR STORES
SINCE 1967 THE SCHOOL PEOPLE PAR EXCELLENCE
Khudiram Pally, H.C. Road, Siliguri - 734001
Ph.:0353 2527003, 9832097155



BENGAL BATTERY CO.
INVERTER | BATTERY | ONLINE UPS | SOLAR
SERVO STABILIZER | HT-LT TRANSFORMER
Opp Bazar Kolkata, Sevoke Road, Siliguri
Entire Sikkim & Darjeeling Hills Delivery
EXIDE BATTERY AND INVERTER
Starting @ Rs. 9,900/-
0353-2435727
97337-58000


# कानुनी सचेतना औ स्वास्थ्य शिविर आयोजित




**राभाङ्ला, १२ मार्च।** जिल्ला कानूनी सेवा प्राधिकरण (दक्षिण) अनि तलुक कानूनी सेवा कमिटी (दक्षिण)-ले सिक्किम राज्य कानूनी सेवा प्राधिकरण साथै नाम्ची जिल्ला अस्पताल औ सेन्ट्रल रेफरल अस्पताल, मणिपाल, गान्तोकसंगको समन्वयमा हिजो १० मार्चको दिन राभाङ्ला बजार, दक्षिण सिक्किममा कानूनी सचेतना शिविर औ स्वास्थ्य शिविर आयोजन गऱ्यो।

कानूनी सेवा प्राधिकरण अनि अन्य सरकारी विभागद्वारा कार्यान्वयनमा ल्याएका कल्याणकारी योजनाहरूबारे जानकारी दिलाउन कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो। मानिसहरूलाई यो योजनासंग संलग्न गराउन अनि यस्ता कल्याणकारी योजनाबाट मानिसहरू लाभान्वित बनेको सुनिश्चित गर्नु पनि यो शिविरको लक्ष्य रहेको थियो।

डीएलएसए(दक्षिण)-का अध्यक्ष ज्योति खड़काद्वारा उद्घाटन गरिएको यस सचेतना शिविरमा डीएलएसए (दक्षिण)-सचिव सोनाम डेन्का वाङ्दी, एलडी, प्यानल अधिवक्ता बीडीओ (बीएसी राभाङला), सामाजिक न्याय सशक्तिकरण तथा कल्याण विभाग, स्वास्थ्य हेरचाह, मानव सेवा अनि परिवार कल्याण विभाग, सेन्ट्रल रेफरल अस्पताल मणिपालका अधिकारीवर्ग, ग्राम विकास केन्द्र, राभाङ्ला, पुलिस विभाग, राभाङ्लाको जिल्ला पञ्चायत अनि पञ्चायत अध्यक्ष आदि उपस्थित थिए।

शिविरमा सहभागीहरूको निम्ति विभिन्न विभागद्वारा सूचना केन्द्र स्थापित गरिएको थियो जस्तै-प्यानल अधिवक्ता अनि पारा-कानुनी स्वयंसेवक, सिक्किम सरकारको सामाजिक न्याय सशक्तिकरण अनि कल्याण विभागद्वारा कानूनी सहयता क्लिनिक, दृष्टि एनजीओ, स्वास्थ्य हेरचाह, मानव सेवा तथा परिवार कल्याण विभागद्वारा शिशु तथा एचआईभी-एड्स सचेतना बूथ अनि राभाङला पुलिस स्टेशनद्वारा पुलिस सहायता बूथ। उक्त स्वास्थ्य शिविरमा सीआरएच, मणिपाल गान्तोकका विभिन्न विभागका डाक्टर लगायत औषधि विभागको नाम्ची जिल्ला अस्पतालका डाक्टरहरू उपस्थित थिए। यसरी नै सिलगढ़ीका दन्तचिकित्सक डा. ज्योति गुप्त अनि रञ्जना गुप्तले पनि शिविरमा सहभागिता जनाएको प्रेस विज्ञप्तिमा जनाइएको छ।

# एनएचपीसीद्वारा निर्मित हिमघरको उद्घाटन



**बलुवाटार, १२ मार्च:** करपोरेट सोसियल रेस्पोन्सिबिलीटी-सस्टेनेबल स्किम अन्तर्गत एनएचपीसीले पूर्व सिक्किमस्थित कमरेमा एक हिमघर निर्माण गऱ्यो। रु.४६ लाखको अनुमानित लागतमा १०० मेट्रिक टन क्षमताको यो हिमघर रहेको छ। गत ११ मार्च यस हिमघरको उद्घाटन कृषि मन्त्री सोमनाथ पौड्यालले गरे। यस अवसरमा रिनाक विधायक हेमेन्द्र अधिकारी, एनएचपीसी टिस्टा-५ पावर स्टेशनका महाप्रबन्धक एसके सिंह, बागबाणी विभागका संयुक्त निर्देशक बीएल दाहाल आदि उपस्थित थिए। यस १०० मेट्रिक टन हिमघर कमरेका फार्मर्स प्रोडक्सन ग्रुपका अध्यक्ष अशोक छेत्रीले गरे। यस परियोजना ४ वर्ष अघि पूरा भएको थियो। यस कोल्ड स्टोरेज पूर्णरुपमा कमिशन भएर एनएचपीसीद्वारा हस्तानन्तरण गरिएको थियो। कार्यक्रममा बोल्दै मन्त्री पौड्यालले सिक्किमको सामाजिक क्षेत्रमा एनएचपीसीले दिएको योगदानबारे सराहना गरे। यस हिमघरले किसानहरुलाई अधिक सब्जिहरु, फलहरु र फसलहरु उत्पादन गर्नमा सहयोग पुऱ्याउँने मन्त्री पौड्यालले बताए। यस अवरमा एनएचपीसी टिस्टा-५ पावर स्टेशनका महाप्रबन्धक एसके सिंहले एनएचपीसी सिक्किमले गरेका विभिन्न सीएसआर-एसडी क्रियाकलापहरुबारे जानकारी दिए।

# मंगलबारेमा एसकेएम-को सभा



**गान्तोक, १२ मार्च:** आज पश्चिम सिक्किमको मंगलबारेमा सिक्किम क्रान्तिकारी मोर्चा (एसकेएम)-पार्टीको रिञ्चेनपोङ समष्टि स्तरीय सभा सम्पन्न भयो। कार्यवाहक अध्यक्ष एवं विधायक कुङ्गा निमा लेप्चाद्वारा अध्यक्षता गरिएको सभामा मुख्य समन्वयक एवं विधायक सोनाम लामा, कार्यकारी अध्यक्ष एमबी सुब्बालगायत अन्यको पार्टी कार्यकर्ताहरूको उपस्थिति थियो।

यसपछि सभामा सर्वसम्मतिद्वारा खानीसेर्बुङका सोमबहादुर सुब्बालाई सीएलसी अध्यक्ष, एमके राई सीएससी महासचिव अनि जिग्मी दोर्जीलाई महासतिव-२ साथै भवानी गुरूङलाई युवा संयोजकको पदमा नियुक्त गरियो। विद्यमान सीएससी महासचिवलाई जिल्ला स्तरीय कमिटीको महासचिवको रूपमा पदोन्नति गरिएको प्रचार प्रसार महासचिव विकास बस्नेतद्वारा जारी विज्ञप्तिमा बताइएको छ।

सभामा विधायक लामाले एसकेएम पार्टीको रणकौशल अनि योजनाको व्यापक परिदृश्यसित रहेर काम गर्ने सल्लाह दिए। यसैगरी पार्टीको गतिविधि दह्रिलो बनाउनका लागि समष्टि स्तरको केही पदलाई विघटन गर्नुपर्ने आवश्यकता रहेको बताए। कुनै पनि व्यक्तिभन्दा पार्टी ठूलो हो, जसमा हामी बल दिइरहेका छौं, उनले भने।

सोही प्रकारले कार्यकारी अध्यक्ष एमपी सुब्बाले युवा अनि पार्टी कार्यकर्ताहरूको भूमिकामाथि जोड़ दिए। उनले भने, युवा शक्ति बिना कुनै पन नेताले काम गर्न सक्दैन, युवाहरू पार्टीका अति महत्वपूर्ण सम्पदा हुन् तर युवाहरूले पनि पार्टीको मूलभूत मूल्य तथा सिद्धान्तबारे बुझ्नु जरूरी हुन्छ। उनले फिल्डमा सचेत तथा जागरूक गराउन सबैले अनुशासित अनि समर्पित भएर काम गर्नुपर्ने अपील गर्दै जसद्वारा सिक्किमे समाजको परिवर्तन तथा रूपान्तरण हुनसकोस भनी बताए। यसैगरी पार्टीको दर्शन, नीतिलाई तृणमूल स्तरका मानिसहरूमा पुऱ्याउन एसकेएम पार्टीका प्रत्येक कार्यकर्ताहरूबाट सहकार्य एवं सामुहिक कार्य हुनुपर्ने माग गरे।

कार्यवाहक अध्यक्ष केएन लेप्चाले समग्र चर्चा परिचर्चाको संक्षिप्त समीक्षा गर्दै सम्पूर्ण उपस्थितिलाई रिञ्चेनपोङ समष्टिलाई उदाहरणीय बनाउन धेरै समर्पित भएर काम गर्ने सल्लाह दिए। उनले भने पार्टी अनुशासित व्यवस्थापनमा सञ्चालन भइरहेको छ जसद्वारा विभिन्न व्यवसायका मानिसहरूलाई आकर्षित गर्ने काम भइरहेको छ, यसलै आउने दिनमा एसकेएम पार्टीमा ठूलो नामहरू सामेल हुने देखिएको छ, उनले भने। यहाँ धेरै गुटहरू आफैलाई विपक्षी भनी रहेका छन् तर एसकेएम पार्टी मात्र एसडीएफको सत्ता विरूद्ध लड्ने क्षमता भएको पार्टी हो, उनले भने। नेता पीएस गोले साथ साथै हाम्रा कार्यकर्ताहरूको समर्पणले सिक्किमका जनता भित्र ठूलो आकांक्षा अनि आशा मौलाएको छ, यसैले अब एसडीएफ पार्टीको गलत कार्य, भ्रष्टचार अनि खराब शासनलाई जराबाट उखेल्न हामीले दोहोरो काम गर्नुपर्छ, लेप्चाले भने।

## मासिक भण्डारा

**सिङताम, १२ मार्च।** पश्चिम पाण्डाम क्षेत्रान्तर्गत बरदाङ २० माइल हाइवेमा अवस्थित श्री सेती सिंह देवी मन्दिरमा हिज आइतबार मासिक भण्डारा आयोजित गरियो। मार्च महिनाको आजको यस मासिक भण्डाराको व्यवस्थापक रानीपूल निवासी तथा सिक्किम पुलिसका अवकाशप्राप्त एसपी श्री आर. के. सुन्दास अनि उनको धर्मपत्नी एंव हर्टिकल्चर विभागकी निर्देशक श्रीमती डी. एल. लामा थिए। श्री सुन्दास अनि उनका परिवारले पनि आज भण्डारा कार्यक्रममा सहभागिता जनाए। आजको भण्डारामा हलुवा, पुरी, आलुदम अनि खिचड़ी पकाइएको थियो, जो मन्दिर कमिटीले पकाएका थिए। माता रानीको नाममा बनाइएको उक्त भण्डाराको प्रसादहरु स्थानीय मानिसहरुसहित सिक्किम भित्रिने अनि सिक्किमदेखि बाहिर जाने निजी वाहन, यात्रु बस, ट्रक, ट्याक्सी वाहनहरुमा सवार यात्रीहरुलाई वितरण गरियो। मन्दिर कमिटीको पक्षबाट अध्यक्ष नन्दु दूतराजले भण्डारा व्यवस्थापनको निम्ति आरके सुन्दास अनि उनको परिवारप्रति हार्दिक आभार व्यक्त गरिएको छ।

# जैविक कृषिमाथि जीपीयूस्तरीय प्रशिक्षण

**सिमले, १२ मार्च।** मानेबुङ सोपरवा जीपीयूका कृषकहरूको निम्ति जैविक कृषिसंग सम्बन्धित विभिन्न विषयहरूलाई मेभेदिर-ले ग्राम पञ्चायत एकाई स्तरीय प्रशिक्षण कार्यक्रम आयोजन गऱ्यो। कार्यक्रममा सिम्बोले वार्डलाई प्रतिनिधित्व गर्दै पञ्चायत अध्यक्ष केशरमान सुब्बा अनि मुकरूम वार्डकी तुकामाया सुब्बा मुख्यरूपमा उपस्थित थिए। प्रशिक्षण कार्यक्रममा स्रोतवक्ताको रूपमा मेभेदिरका फिल्ड अधिकारी सुकराज सुब्बा अनि अर्पिता छेत्रीले उपस्थिति जनाएका थिए।

प्रशिक्षणको पहिलो सत्रमा जैविक खेतीको आईएमओएएम बारे कृषकहरूलाई अवगत गराइयो। अर्पिता छेत्रीले यो विषयमाथि प्रकाश पार्दै जैविक खेतीको विभिन्नताबारे जानकारी दिइन्। उनले आफ्नो क्षेत्रमा उपलब्ध रहने उद्भिद अनि माइक्रोबाइल संसाधनलाई प्रयोगमा ल्याएर उर्वरक तयार गर्ने पद्धति विषयमा बताइन्। यसरी नै फिल्ड सहायक सुकराज सुब्बाले विरूवा रोपन गर्ने विविध प्रणाली साथै विरूवा रोपनको समयमा राख्नुपर्ने होशियारीबारे जानकारी दिए। कार्यक्रमलाई सम्बोधन गर्दै पञ्चायत अध्यक्ष केशरमान सुब्बाले कृषकहरूलाई आफ्नो क्षेत्रमा जैविक खेतीप्रति प्रोत्साहित गर्न सरकारले व्यवस्था गरेको पुरस्कार, सुविधा र सहुलियत विषयमा जानकारी दिए। यो एक दिवसीय कार्यक्रममा प्रश्नोश्रत्तर सत्र पनि राखिएको थियो जहाँ कृषकहरूले सरकारबाट पाइने सहयोग-सहुलियत विषयमा प्रश्नहरू राखे।


VISIT OUR WEBSITE
hamroprajashakti.com,
www.himalayanmirror.net
Contact :
9832366113/ 9832684683



Dr. Jain's Dento Care
Dr. R. K. Jain
B.D.S.
Diploma in Orthodontics (Spain)
Implantologist
Regd. No. : 1537/A
Call us now on :
90024-43655
& Book an Appointment
Branches
Radha Bazar, Thana More, Siliguri | Visiting : 9 a.m.-11 a.m. & 5 p.m.-9 p.m. | Ph.: (0353) 2500699
1st Floor, City Mall, Sevoke Road | Visiting: 12 p.m. - 3 p.m. Ph.: (0353) 2643054
Website : www.drjainsdentocare.com | E-mail : info@drjainsdentocare.com



25 बर्ष को अनुभव र सबैभन्दा प्रभावशाली औषधि
India No 1 Topmost-Best सेक्स स्पेशिलिस्ट
SEX समस्या देखी 100% मुक्ति 70 बर्ष मा भी
No side Effect
AMERICAN MEGA HQ
लिङबर्द्धक यन्त्र र तेल फ्री* यो यन्त्र लिङलाई 7" देखि 10"* लामो अमोटो, दृढ़ र 30 देखि 50 मिनिट सेक्स टाइम बढ़ाउनको लागि उपयोगी छ।
सहवासमा अक्षमता, शीघ्रपतन, लिङश्थिलता धातु पात्लो, सानो लिङ, शुक्राणुको अभाव
100% ग्यारेण्टी सुचिकित्साले पहिला दिनदेखि सुफल अनुभव गर्नुहोस।
नक्कली डाक्टरहरु देखि खबर गर्नुस्
ANAND HERBAL™
सिलगढ़ी : ७३, हिलकार्ट रोड, SBI, मंगलद्वीप बिल्डिंग को छेउ
(M) 7479334069 / 8158817822 Daily 9am to 9pm (Sunday Open)



सेभोक डेन्टल क्लिनिक
डा. अभिनाश गुप्त
यहाँ सबै प्रकारका डेन्टल अनि फेशियलको उपचार साथै दाँतको मेजर अनि माइनर सर्जरी पनि गरिन्छ।
सम्पर्क: रिलायन्स ज्वेलरीको तल, होटल सचित्राको विपरीत दुई माईल, सेभोक रोड, सिलगढ़ी
9800008511, 8906410607



Childless? Frustrated??
Have Child when you want
IVF, ICSI, IUI
For All Infertility Problems Please Contact
FAMILY CLINIC
Dr. Kavita Mantry
INFERTILITY SPECIALIST
Hope for all Infertile Couples...
Metro Height, 3rd Floor, Don Bosco More, Siliguri.
Ph: 0353-2545544 / 9800983790 / 8372801570


'हाम्रो प्रजाशक्ति'-का स्वामित्व, प्रकाशक, मुद्रक तथा सम्पादक अञ्जन उपाध्यायद्वारा गैरीगाउँ तादोङ, गान्तोक, सिक्किमबाट प्रकाशित तथा सिलगढ़ी प्रेस प्रा. लि., परिवहन नगर, मटीगढ़ा, सिलगढ़ीमा मुद्रित। E-mail: hamropraja@gmail.com, RNI - SIKNEP/2000/03113